त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

**सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह Bachelor of Mathematical Science विषय दोश्रो वर्ष तेश्रो शत्र -२०७७ समूह, तेश्रो वर्ष पाँचौं शत्र–२०७६ समूह र चौथो वर्ष सातौं शत्र २०७५ समूहको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अनुसार २०७९ सालमा संचालन हुने चार वर्षे स्नातक तह Bachelor of Mathematical Science विषय **दोश्रो वर्ष तेश्रो शत्र -२०७७ समूह, तेश्रो वर्ष पाँचौं शत्र–२०७६ समूह र चौथो वर्ष सातौं शत्र २०७५ समूहको नियमित तथा सोही शत्रको सो भन्दा अगाडिका समूहको आंशिक** परीक्षाको परीक्षा आवेदन फाराम २०७९ साल श्रावण १६ गते सम्ममा वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित गणित विज्ञान स्कूलले फारामहरु रुजु गरी मिति २०७९ साल श्रावण १८ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा वुझाउन पर्ने छ ।

१. **परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित गणित विज्ञान स्कूलले ध्यान दिनु पर्ने कुराहरु :**

(क) **कोटा सम्बन्धमा :**

– स्वीकृत कोटाको प्रमाण फाराम साथै पठाउनु पर्ने छ ।
– कोटा भन्दा वढि विद्यार्थीको फाराम नपठाउने ।

(ख) **परीक्षार्थीको हाजिरी आन्तरिक मूल्यांकन र विषयगत संख्या बारे :**

– पहिलो पटक परीक्षा फाराम भर्ने विद्यार्थीले प्रवेश परीक्षा उत्तीर्ण गरेको प्रवेश परीक्षाको रोल नं अनिवार्य रुपमा परीक्षा फाराममा उल्लेख गर्नु पर्नेछ ।
– परीक्षार्थीहरुको हाजिरी त्रि.वि. नियमानुसार परीक्षा फाराममा उल्लेख गर्नु पर्नेछ ।
– आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आबेदन फाराममा उल्लेख गर्नुका साथै छुट्टै लिष्ट पनि पठाउनु पर्नेछ ।
– आन्तरिक मूल्यांकन अनुत्तीर्ण विषयको परीक्षा फाराम नभराउने । यदी परीक्षा फाराम भरी परीक्षा दिएमा उक्त विषयको परीक्षा स्वत: रद्द हुनेछ ।
– परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या ( Subjectwise-data ) परीक्षा आबेदन फाराम साथ पठाउनु पर्नेछ ।

२. **परीक्षा शुल्क :**

| | |
|---|---|
| क) प्रति शत्र परीक्षा शुल्क पुरा | २,०००।- |
| ख) प्रति शत्र परीक्षा शुल्क आंशिक | २,०००।- |
| ग) Extra Elective प्रति विषय | २,०००।- |

३. **विलम्व शुल्क :**

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले पहिलो हप्ता सम्म रु. २,०००।-

४. **परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

सम्बन्धित गणित विज्ञान स्कूलले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल वैंक लि.को चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००01 मा रकम जम्मा गरी पठाउनु पर्ने छ ।

५. **परीक्षा केन्द्र : पछि तोकिने छ ।**

द्रष्टव्य :

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्वन्धी प्रावधान हटाइएको छ ।
* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।

सहायक डीन

२०७९।०३।३०